# गहुँका तीन नयाँ जातहरु

बी. एल. ११३५, भृकुटी, अन्नपूर्ण-४

नेपाल कृषि अनुसन्धान परिषद
खुमलटार

# गहुँको तीन नयाँ जातहरु- "बी. एल. ११३५," "भृकुटी" र अन्नपूर्ण -४"

रविन्द्र नाथ देवकोटा
संयोजक, गहुँवाली
अनुसन्धान कार्यक्रम

गहुँबाली अनुसन्धान कार्यक्रमको तत्वावधानमा भएको सफल अनुसन्धानको फलस्वरुप विभिन्न आवहवा र अवस्थामा उत्कृष्ट देखिएका गहुँका ३ नयाँ जातहरु सर्वसाधारण किसानहरुको लागि खेती गर्न हालसालै उन्मोचन गरिएको छ। उन्मोचित ३ जातहरु मध्ये बी. एल. ११३५ र भृकुटी तराईको लागि तथा अन्नपूर्ण-४ पहाडको लागि सिफारिश गरिएको छ। यी जातहरुको संक्षिप्त विवरण निम्नानुसार छन्:

## १ बी. एल. ११३५

गहुँवाली अनुसन्धान कार्यक्रमको तत्वावधानमा करिब १३/१४ वर्षको अथक अनुसन्धान प्रयासबाट नेपालमा नै विकास गरिएको बी. एल. ११३५ जात अनुसन्धानको क्रममा अन्य प्रचलित जातहरु जस्तै आर. आर. २१, यु. पी. ३६२ भन्दा उत्कृष्ट देखिन आएकोले सर्वसाधारण कृषकहरुको लागि खेती गर्न उन्मोचन गरिएको छ । यस जातको संक्षिप्त सिफारिश प्रविधिहरु निम्नानुसार छन्:

(क) सिफारिश क्षेत्र: सिंचित एवं असिंचित अवस्था अन्तर्गत समयमै छर्ने गरी पहाडी भेगको १००० मीटर भन्दा कम उचाईका टार, बेशी तथा उपत्यकाको समपूर्ण तराई क्षत्रकोलागि सिफारिश गरिएको छ ।

(ख) छर्ने समय: सिंचित अवस्था अन्तर्गत यो जातको बीउ छर्न मंसिर महिना उपयुक्त समय हो। यसमा पनि उत्तरार्द्धको तुलनामा पूर्वार्द्ध बढी उपयुक्त हुन्छ । असिंचित अवस्थाअन्तर्गतभने माटोमा विद्यमान चिस्यानलाई सदुपयोग गर्ने उद्देश्यले कात्तिक महिनाको अन्तिम हप्ता देखि मंसिर को पूर्वार्द्धलाई उपयुक्त समय मानिन्छ ।

(ग) मलखाद: सिंचित अवस्थाको लागि ८०-१०० किलोग्राम नाईट्रोजन, ४०-५० किलोग्राम फोस्फोरस र २०-२५ किलोग्राम पोटाश प्रति हेक्टरका दरले सिफारिश गरिएको छ भने असिंचित अवस्थाको लागि उल्लेखित परिमाणको पोषक तत्वहरु आधा मात्र प्रयोग गरे पुग्छ ।

(घ) बीउ दर: १२० किलोग्राम प्रति हेक्टर

(ङ) सिंचाई: माटोको प्रकृति तथा माटोमा विद्यमान चिस्यानलाई मध्यनजर राखी सिंचाई सुविधा भएको ठाउँमा आवश्यकतानुसार ३-५ पटक सम्म सिंचाई गर्नुपर्छ । कम्तीमा पनि गहुँ छरेको २०/२५ दिन पछि नाईट्रोजन मल टप ड्रेस गर्ने बेलामा, पोटाउने/बाला निस्कने/फूल फुल्ने बेलामा र दाना भरिने बलामा चिस्यानको कमी हुन नदिन विशेष ध्यान पुऱ्याउनु पर्छ ।

(च) झारपात नियन्त्रण: चौडा पात हुने प्राय:जसो झारपातहरुको लागि प्रति हेक्टर ०.७५ किलोग्राम (खास विषको मात्रा) २, ४-डी ६०० लिटर पानीमा मिलाई गहुँ छरेको ३०-४० दिनको बिचमा छर्नुपर्छ । रगते झारको प्रकोप बढी भएको खण्डमा प्रति हेक्टर ०.५ किलोग्राम (खास वर्षको मात्रा) टोल्कान/एरालान ६०० लिटर पानीमा मिलाई गहुँ छरेको ३०-४० दिनको बिचमा छर्नु उपयुक्त हुन्छ ।

(छ) पाक्ने अवधि: सरदर ११५ दिन भित्र पाक्दछ ।

*यस जातको खास विशेषताहरु:*

* सिन्दुरे (खैरो र पहेंलो) रोग अवरोधक
* छिटो पाक्ने
* लामोलामो आकर्षक बाला
* सेता र पुष्ट दाना
* विभिन्न आवहावा र परिस्थिति (सिंचित, असिंचित, माटोको न्यून तथा उच्च उर्वरा अवस्था) मा पनि राम्रो परिणाम दिन सक्ने

* हाल प्रचलित यु. पी. २६२ र आर. आर. २१ जस्ता जातहरु भन्दा सिंचित अवस्थामा ७-८ प्रतिशत र असिंचत अवस्था २-९ प्रतिशत बढी उत्पादन दिने

* यो जातको उत्पादन क्षमता झण्डै ४ टन प्रति हेक्टर छ भने औसत उत्पादन लगभग ३ टन प्रति हेक्टर रहेको छ ।

## २. भृकुटी

मेक्सिकोमा उत्पत्ति भई पाकिस्तान मार्फत परिक्षणको रुपमा नेपाल भित्र्याईएको यो जात एन. एल. ६२३ को नामले विगत ६/७ वर्ष सम्म विधि आवहवा र अवस्थामा विभिन्न स्थानहरुमा गरिएको विभिन्न किसिमका परिक्षणहरुको सफल नतिजा अनुरुप उत्कृष्ट देखिन आएकोले "भृकुटी" को नामले उन्मोचन गरिएको छ । यो जातको लागि सिफारिश प्रविधिहरु यसप्रकारका छन्:

(क) सिफारिश क्षेत्र: यो जात सिंचित एवं अर्ध-सिंचित अवस्था अन्तर्गत माटोको मध्यम देखि उच्च उर्वरा अवस्थामा समयमै वा ढीलो छर्नको लागि पहाडी भेगको १००० मिटर भन्दा कम उचाईका टार, बेशी तथा उपत्यका सहितको सम्पूर्ण तराई क्षेत्रको लागि सिफारिश गरिएको छ ।

(ख) छर्ने समय: मंसिर महिना पुरा यो जातको लागि छर्ने उचित समय हो । ढीलो गरी लगाउन परेको खण्डमा पौषको दोश्रो हप्ता सम्म छर्न सकिन्छ ।

(ग) मलखाद: ८०-१०० किलोग्राम नाईट्रोजन, ४०-५० किलोग्राम फोस्फोरस र २०-२५ किलोग्राम पोटाश प्रति हेक्टर ।

(घ) बिउ दर: १२० किलोग्राम प्रति हेक्टर

(ङ) सिंचाईः माटोको प्रकृति र माटोमा विद्यमान चिस्यानको मात्रालाई मध्यनजर राखी ३-५ पटक सिंचाईको आवश्यकता पर्दछ। कम्तीमा पनि गहुँ छरेको २०-२५ दिन पछि देखि नाईट्रोजन टप ड्रेसिङ्ग गर्ने बेलामा, पोटाउने/बाला निस्कने/ फूल फुल्ने बेलामा र दान भरिने बेलामा चिस्यानको कमी हुन नदिन विशेष ध्यान पुऱ्याउनु पर्छ।

(च) झारपात नियन्त्रण: ०.७५ किलोग्राम २,४-डी (खास विषको मात्रा) प्रटि हेक्टर ६०० लिटर पानीमा मिलाई गहुँ छरेको ३०-४० दिन भित्र छर्दा प्राय:जसो चौडा पाते झारलाई सजिलै संग नियन्त्रण गर्न सकिन्छ। रगते झारको प्रकोप बढी भएको खण्डमा ०.५ किलोग्राम टोल्कान/एरोलान (खास विषको मात्रा) प्रति हेक्टर ६०० लिटर पानीमा मिलाई गहुँ छरेको ३०-४० दिनको बिचमा छर्दा राम्रो नियन्त्रण हुन्छ।

(छ) पाक्ने अवधि: सरदर १२० दिन भित्र पाक्दछ।

*यस जातको खास विशेषताहरु:*

* सिन्दुरे (खैरो र पहेंलो) रोग अवरोधक
* पाक्ने बेलातिर आईपर्ने प्रचण्ड ताप तथा सुक्खाको प्रकोप. सहन सक्ने क्षमता
* तीब्र गतिमा दाना भरिने क्षमता
* ढीलो छर्नको लागि पनि उपयुक्त
* मध्यम मोटो र पुष्ट दाना
* ढीलो लगाउँदा दानाको आकार केही घट्न गएतापनि पुष्ट रहिरहने
* विविध आवहवा र अवस्थामा समेत उत्कृष्ट परिणाम दिन सक्ने क्षमता भएकोले यसको खेती गर्न सकिने दायरा अति फराकिलो छ ।

* हाल प्रचलित लोकप्रिय जातहरु जस्तै आर. आर. २१, यु. पी. २६२ तथा नेपाल २९७ संग तुलना गर्दा, समयमै लगाएको खण्डमा ४ देखि १२ प्रतिशत र ढीलो लगाएको खण्डमा ८ देखि २१ प्रतिशत सम्म बढी उत्पादन दिएको पाईएको छ ।
* समयमै छर्दा यो जातको सरदर उत्पादन झण्डै ३ टन प्रति हेक्टर छ भने ढीलो लगाउँदा लगभग २ टन प्रति हेक्टर पाईएको छ । उत्पादन क्षमता भने झण्डै ४ टन प्रति हेक्टर पाईएको छ ।

## ३. अन्नपूर्ण-४

मोक्सिकोमा उत्पत्ति भएके यो जात एन. एल. ५३९ को नामलेविगत ९/१० वर्ष सम्म गहुँवाली अनुसन्धान कार्यक्रमको तत्वावधानमा विभिन्न आवहवा र स्थानहरमा गरिएको विभिन्न परिक्षणहरुमा उत्कृष्ट देखिन आएकोले सर्वसाधारण किसानहरुको लागि खेती गर्न हालै मात्र उन्मोचन भएको छ । यस जातको लागि सिफारिश प्रविधिहरु यसप्रकार छन्:

(क) सिफारिश क्षेत्र: १००० मिटर भन्दा बढीउचाई भएको मध्य तथा उच्च पहाडी क्षेत्र अन्तगत सिंचित तथा असिंचित दुवै अवस्थाकोलागि ।

(ख) छर्ने समय: असोजको दोश्रो हप्ता देखि मंसिर महिनाको पूर्वार्द्ध भर ।

(ग) मलखाद: यो जातलाई न्यून देखि मध्यम उर्वरा भएको माटोको अवस्थामा लगाउनसिफारिश गरिएको छ । यसको लागि ४०-८० किलोग्राम नाईट्रोजन, २०-४० किलोग्राम फोस्फोरस र १०-२० किलोग्राम पोटाश प्रति हेक्टरका दरले प्रयोग गन सिफारिश गरिएको छ ।

(घ) बिउ दर: १२० किलोग्राम प्रति हेक्टर

(ङ) सिंचाई: यो जात सिंचित तथा असिंचित दुवै अवस्थाको लागि सिफारि श भएको छ । सिंचाई सुविधा उपलवध हुनसक्ने ठाउँमा माटोको

प्रकृति र माटोमा विद्यमान चिस्यानको मात्रालाई मध्यनजर राखी ३-५ पटक सिंचाईको आवश्यकता पर्दछ । कम्तीमा पनि गहुं छरेको २०-२५ दिन पछि नाईट्रोजन टप ड्रेसिङ्ग गर्ने बेलामा, बाला निस्कने/फुल फुल्ने बेलामा र दाना भरिने बेलामा चिस्यानको कमी हुन नदिन विशेष ध्यान पुऱ्याउनु पर्छ । असिंचित अवस्था अन्तर्गत गहुं लगाउंदा माटोमा विद्यमान चिस्यानलाई बढी भन्दा बढी उपयोगमा ल्याउन प्रयत्न गर्नु पर्दछ ।

(च) पाक्ने अवधि: सरदर १७८ दिन भित्र पाक्दछ ।

*यस जातको खास विशेषताहरु:*

* रोग (सिन्दुरे र कालो पोके) अवरोधक
* यो जात आर. आर. २१ भन्दा केही दिन मात्र ढीलो पाक्ने भएतापनि अन्नपूर्ण-१ को तुलनामा केही दिन छिटो नै पाक्छ ।
* पहाडी भेगका कृषकहरुले चाहे अनुसारको बोटको उचाई (आर आ. २१ र अन्नपूर्ण-१ भन्दा अग्लो)
* लामोलामो आकर्षक बाला
* मोटो र पुष्ट दाना
* यो जातको उत्पादन क्षमता मध्यम स्तर (आर. आर. २१ भन्दा बढी तर अन्नपूर्ण-१ भन्दा केही कम) को भएतापनि हाल पहाडी भेगमा बढी क्षति पुऱ्याउने पहेंलो सिन्दुरे, खैरो सिन्दुरे तथा कालो पोके जस्ता रोगहरु अवरोधक पाइएको छ ।
* यो जातको सरदर उत्पादन करिब ४ टन प्रति हेक्टर छ भने अधिकतम उत्पादन झण्डै ६ टन प्रति हेक्टर सम्म दिएको पाईएको छ ।

**प्रकाशन**

संचार प्रकाशन तथा अभिलेख महाशाखा

**नेपाल कृषि अनुसधान परिषद**

पो.व. ५४५९, काठमाण्डौ, नेपाल

फोन : ५२५७०४, ५२५७०८, ५२४०४०, ५२४९१३, ५२३०४१

फ्याक्स : (९७७ - १) ५२११९७